**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति – २०६४ मङ्सिर १०**

---

**उच्चायुक्तको कार्यालय–नेपालद्वारा यौनहिंसाका लागि दण्डहीनताको अन्त्यसम्बन्धी छलफलको आयोजना**

आज उच्चायुक्तको कार्यालय–नेपालले महिलाविरुद्ध भएका यौनहिंसाका कार्यका लागि दण्डहीनताको अन्त्य गर्नेसम्बन्धमा रहेका चुनौती र सिफारिसहरूबारे विज्ञमण्डलद्वारा छलफलको आयोजना गर्‍यो। *लैङ्गिक हिंसाविरुद्ध १६ दिने गतिविधि* (मङ्सिर ९–२४)को वार्षिक अभियानको ढाँचाअन्तर्गत यो विज्ञमण्डलको आयोजना गरिएको हो। यसको विषय थियो : दण्डहीनताको अन्त्य गर – बलात्कार अपराध हो।

विद्यमान कानुनलाई अझ राम्ररी कसरी कार्यान्वयन गर्न सकिन्छ ; आफ्ना अनुभवहरूबारे बोल्न तथा न्यायको दाबी गर्न महिलाहरूलाई अगाडि बढ्न नदिने अवरोधहरूलाई समाजले कसरी चुनौती दिन सक्छ र यौन हिंसाका पीडितहरूलाई कसरी अझ राम्ररी सहयोग गर्ने भन्नेबारे छलफल गर्ने सो विज्ञमण्डलको उद्देश्य थियो।

विज्ञमण्डलमा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष माननीय केदारनाथ उपाध्याय, महिला पुनर्स्थापना केन्द्र (वोरेक)की अध्यक्ष डा. रेणु राजभण्डारी, प्रसूति अस्पतालकी निर्देशक डा. सुधा शर्मा, नेपाल प्रहरी अपराध अनुसन्धान विभागका एआईजी श्री केशवप्रसाद बराल तथा नायब महान्यायाधिवक्ता श्री नरेन्द्र पाठक हुनुहुन्थ्यो।

विज्ञमण्डलको छलफल *लैङ्गिक हिंसाविरुद्ध १६ दिने गतिविधि*को समयमा प्रसारण गरिनेछ।

> "म महिलाविरुद्धको हिंसा कुनै पनि अर्थमा निजी मामिला होइन भन्ने कुरामा जोड दिन चाहन्छु, र यो साँस्कृतिक तथा परम्परागत कारणहरूबाट निर्धारित भएकाले कुनै रूपमा यसलाई छुट दिने वा कम्तीमा टार्न नसकिने कुरा हो भनी व्याख्या गर्न सकिँदैन", उच्चायुक्तको कार्यालय–नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो। "लैङ्गिक असमानता नै लैङ्गिकतामा आधारित हिंसाको मुख्य कारण हो भन्ने कुरा पनि स्वीकारिनै पर्दछ र लैङ्गिकतामा आधारित हिंसालाई कम गर्ने कुनै पनि प्रयासले लैङ्गिक असमानतालाई सम्बोधन गर्नैपर्दछ।"

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org